महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७
शहिदभूमि गाउँपालिका,धनकुटा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधान, २०७२ को धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । त्यसैगरी लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिबेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तिय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धीत ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी बित्तीय ब्यबस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्युन रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिबेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय ब्यबस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)
प्रदेश नं.१ र प्रदेश नं. २

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं.: ३८६

मितिः २०७७/३/२०

श्री अध्यक्षज्यु,
शहिदभूमि गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
धनकुटा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(बिन्दु बिष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)
प्रदेश नं.१ र प्रदेश नं. २

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं. ३८७

मिति: २०७७।३।२०

श्री प्रमुखज्यू,
शहिदभूमि गाउंपालिका,
धनकुटा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले शहिदभूमि गाउंपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. शहिदभूमि गाउंपपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरि पेश गरेको भएता पनि ढाँचा अनुसारको वित्तीय प्रतिवेदनमा सम्पुर्ण व्यहोरा खुलाएको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ३२ लाख ६८ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.३६ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु.६१ लाख ४२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ३२ लाख ५३ हजार र पेश्की रु.१ लाख ९७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।५।३१ मा जारी प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुनु नआएकोले बेरुजु फछ्र्यौट नभई कायम भएका व्यहोराको अन्तीम प्रतिवेदन पाना २२ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउंपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउंपालिका व्यवस्थापनमा रहेको छ । गाउंकार्यपालिका, गाउंपालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउंपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने त्रुटि वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बिन्दु विष्ट)
नायव महालेखापरीक्षक

email: oagnep@ntc.net.np, info@oag.gov.np
Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

शहिदभूमि गाउपालीका, गाउंकार्यपालिकाको कार्यालय,धनकुटा
लेखापरीक्षण प्रतिवेदन , २०७५।७६

परिचय: स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्ने तथा स्थानीय स्तरमा सेवा प्रदान गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने बिकास तथा सेवा सम्बन्धी कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्ने, ध्येयले स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालीकाको मुल लक्ष्य हो । कुल ९९.५५ व.की.मी.क्षेत्रफल र १८७६० जनसंख्या रहेको यो गाउँपालिकामा ७ वडा र ३८ सभासदस्य रहेको छन् ।

स्थानीय सञ्चितकोष: आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चितकोष प्राप्ती र भुक्तानी हिसावको अवस्था निम्न बमोजिम रहेको छ:
नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको भएता पनि ढाँचा अनुसारको वित्तीय प्रतिवेदनमा सम्पुर्ण व्यहोराहरु खुलाएको छैन ।

१. २०७५ श्रावण देखि २०७६ आषाढ ३१ सम्मको प्राप्ती र भुक्तानी

विवरण	टिप्पणी	यो वर्ष (रु)				गत वर्ष (रु)		
		बजेट	आफैले गरेको भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
१	२	३	४	५	६=४ +५	७	८	९=७ +८
प्राप्ती (क+ख)			३२६०८९३६०		३२६०८९३६०			
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)			२६३८०५४२१		२६३८०५४२१			
११००० कर राजश्व	११		१७९५८२९.६७		१७९५८२९.६७			
१३००० अनुदान			२१६२९४२५०		२१६२९४२५०			
संघीय सरकारबाट प्राप्त	१२		१९९४८२२५०		१९९४८२२५०			
प्रदेश सरकारबाट प्राप्त	१२		१६८१२०००		१६८१२०००			
१४००० अन्य राजस्व (गैर कर)	११		४५७१५३४१.७३		४५७१५३४१.७३			
ख. अन्य प्राप्ति			६२२८३९३८.९		६२२८३९३८.९			
धरौटी तथा कोषहरु	१५		७५२२९३८.९		७५२२९३८.९			
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०		५४७६१०००		५४७६१०००			
भुक्तानी (ग+घ)			३५०७८६२९८		३५०७८६२९८			
ग. भुक्तानी (सञ्चित कोषबाट)			२९४०४४४९६		२९४०४४४९६			
२१००० पारिश्रमिक सेवा सुविधा	०		९६१५४३०८.०५		९६१५४३०८.०५			
२२००० मालसामान तथा सेवाको उपयोग	०		६४४११९७१.४८		६४४११९७१.४८			
२५००० सहायता (सब्सिडी)	०		२३४३०००		२३४३०००			
२७००० सामाजिक सुरक्षा	०		१५७९८७०		१५७९८७०			
२८००० अन्य खर्च	०		१४७६३२९२.३२		१४७६३२९२.३२			
३१००० पूँजीगत खर्च	०		११४७९२०५४.३		११४७९२०५४.३			
घ. अन्य भुक्तानी			५६७४१८०२		५६७४१८०२			
धरौटी तथा कोषहरुबाट	१५		१९८४४०२		१९८४४०२			
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०		५४७५७४००		५४७५७४००			
ङ. यो वर्षको बचत (न्युन) [प्राप्ती -भुक्तानी]			-२४६९६९३८		-२४६९६९३८			
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			४२०६४००१.५		४२०६४००१.५			
वर्षान्तको बाकी रकम (ङ+च)			१७३६७०६३.७		१७३६७०६३.७			

२. **सञ्चित कोषको अवस्था :** गाउँपालिकाको यो वर्षको सञ्चित कोषको अवस्था देहाय बमोजिम रहेको छः

विवरण	यस वर्ष रु.	गतवर्ष रु
प्राप्ती	२६३८०५४२१.४०	
भुक्तानी	२९४०४४४९६.१०	
यो वर्षको बचत (न्युन)	-३०२३९०७४.७०	
गत वर्षबाट जिम्मेवारी सरेको	४२०६५००१.५४	
यो वर्षान्तसम्मको बचत (न्युन)	११८२४९२६.८४	

३. **आन्तरिक राजस्व:** गाउँपालिकाले यस वर्ष आन्तरिक राजस्व देहाय अनुसार प्राप्त गरेको छः

सि.नं.	राजस्व संकेत	शीर्षक	अनुमानित बजेट	प्राप्त रकम रु	गत वर्ष रु
		कर राजश्व			
१	११३१३	एकीकृत सम्पति कर	३७४२०००.००	१४२९८५३.००	
२	११३१४	भुमिकर/मालपोत	१९०१०००.००		
३	११३२१	घरवहाल कर	५०००.००	९४१४७.६७	
४	११३२२	वहाल विटौरी कर	३२५०००.००		
५	११४५१	सवारी साधन कर (सवारी दर्ता वार्षिक सवारी कर तथा पटके सवारी कर)	३००००.००		
६	११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	२५०००.००		
७	११४७२	विज्ञापन कर	२००००.००		
८	११४७३	अन्य मनोरञ्जन कर	१२५०००.००		
९	११६१३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	७५०००.००	१८०००.००	
१०	११६९१	अन्य कर		२५३८२९..००	
		जम्मा कर राजश्व	६२४८०००.००	१७९५८२९.६७	०.
		गैर कर राजश्व			
१५	१४१७९	अन्य बाँडफाँड हुने राजस्व	६६९२२०००.००	४३३६१२५३.५७	
१६	१४२४३	सिफारिश दस्तुर		१५९१०१७.१६	
१७	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर		३००.००	
१८	१४२४५	नाता प्रमाणित दस्तुर		६००.००	
१९	१४२४९	अन्य दस्तुर	१२१५०००.००	२२४१००.००	
२०	१४३१२	प्रशासनिक दण्डजरिवाना र जफत	२२०००.००		
२१	१४५२९	अन्य राजस्व	४१३५२००.००	५३८०७१.००	
		जम्मा कर राजश्व	७२२९४२००.००	४५७१५३४१.७३	०.
		गैर कर राजश्व			
२२	१५१११	बेरूजू	०.००	०.००	०.
		जम्मा वेरुजु	७८५४२२००.००	४७५१११७१.४०	०.
		कूल जम्मा			

४. **संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान:**

४.१. यो वर्ष संघीय सरकार र प्रदेश सरकारबाट देहाय अनुसार निशर्त अनुदान, सशर्त अनुदान, विशेष अनुदान भएको छः

क्र.सं.	विवरण	नेपाल सरकार	प्रदेश सरकार	जम्मा	गत वर्ष
१	सशर्त अनुदान	१२६८८२२५०.००	१३५०००००.००	१४०३८२२५०.००	
२	समानिकरण अनुदान	७२६००००००.००	३३१२०००.००	७५९१२०००.००	
३	समपुरक अनुदान	०.००	०.००	०.००	
४	विशेष अनुदान	०.००	०.००	०.००	
	जम्मा	१९९४८२२५०.००	१६८१२०००.००	२१६२९४२५०.००	

४.२. संघीय सरकार तथा प्रदेश सरकारको इकाइको रुपमा देहाय बमोजिमको अन्य अनुदान प्राप्त भई खर्च भएको छः

क्र.सं.	विवरण	नेपाल सरकार	प्रदेश सरकार	जम्मा	गत वर्ष
१	प्रधानमन्त्री रोजगार कार्यक्रम	२७०८000.00		२७०८000.00	
२	सामाजिक सुरक्षा	३५१९८000.00		३५१९८000.00	
३	झोलुङ्गे पुल	३३५0000.00		३३५0000.00	
४	निर्वाचन क्षेत्र - प्रदेश		८२00000.00	८२00000.00	
५	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	५000000.00		५000000.00	
६	एल जी सी डि पी	३0५000.00		३0५000.00	
	जम्मा	४६५६१000.00	८२00000.00	५४७६१000.00	०.००

५. धरौटी तथा कोषहरु:

सि.नं.	कोषको नाम	गत वर्षको मौज्दात	यस वर्ष प्राप्त	यस वर्ष खर्च	बाँकी
१	धरौटी	८९१४०.००	१६२७४५९.९०	०.००	१७१६५९९.९०
२	कर्मचारी कल्याण कोष	०.००	७००००.००	०.००	७००००.००
३	मर्मत संभार कोष	२०४५००.००	३४२७३३५.००	१९५३४०२.००	१६७८४३३.००
४	प्रकोप व्यवस्थापन कोष	४५००००.००	१०२४५०४.००	३१०००.००	१४४३५०४.००
	जम्मा	७४३६४०.००	६७७९२९८.९०	१९८४४०२.००	५५३८५३६.९०

६. संघीय सरकार र प्रदेश सरकारका कार्यक्रम खर्च:

सि.नं.	कार्यक्रम/आयोजनाको नाम	खर्च शीर्षक	मूख्य कार्य र उपलब्धि	विनियोजन रु.	खर्च	मौज्दात
	प्रधानमन्त्री रोजगार कार्यक्रम					
१	तलब	२११११		१३७०००.००	१२९८७८.००	७१२२.००
२	स्थानिय भत्ता	२११३१		६०००.००	२५८०.००	३४२०.००
३	कार्यालय सम्बन्धी खर्च	२२३११		३२०००.००	२२०००.००	१००००.००
४	कार्यक्रम खर्च	२२५२२		३०२०००.००	२९५९६३.००	६०३७.००
५	सामाजिक सुरक्षा कार्यक्रम	२२५२२		२२०००००.००	१८३६६१३.००	३६३३८७.००
६	अनुगमन मुल्यांकन खर्च	२२६११		४०००.००	४०००.००	०.००
७	विविध खर्च	२२७११		२७०००.००	२७०००.००	०.००
	जम्मा			**२७०८०००.००**	**२३१८०३४.००**	**३८९९६६.००**
	जेष्ठ नागरिक अशक्त अपांग तथा सा सु कार्यक्रम					
१	सामाजिक सुरक्षा भत्ता वितरण	२७१११		३५१९८०००.००	३४८३४२००.००	३६३८००.००
	जम्मा			**३५१९८०००.००**	**३४८३४२००.००**	**३६३८००.००**
	झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम					
१	देउलिङगे वगर झो.पु. भालु खोला बाइसेक्पा डम्फे	३११५१		३३५००००.००	२३३१९३२.२३	१०१८०६७.७७
				३३५००००.००	**२३३१९३२.२३**	**१०१८०६७.७७**
	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम					
१	सुके आहाल साँवावारी ग्रामीण सडक	३११५१		५००००००.००	४९९७६२१.१२	२३७८.८८
	जम्मा			**५००००००.००**	**४९९७६२१.१२**	**२३७८.८८**
	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम					
१	सुचना प्रविधि अधिकृतको तलब भत्ता	२२५२२		३०५०००.००	३०५०००.००	०.००
	जम्मा			**३०५०००.००**	**३०५०००.००**	**०.००**

सि.नं.	कार्यक्रम/आयोजनाको नाम	खर्च शीर्षक	मूख्य कार्य र उपलब्धि	विनियोजन रु.	खर्च	मौज्दात
	निर्वाचन क्षेत्र विकास कार्यक्रम - प्रदेश					
१	खानीखोलम तित्रे धाप सडक	३११५१		१००००००	१००००००	
२	गैरीपाखा चाम्चा साप्तिङ सडक स्तरोउन्ती	३११५१		२९०००००	२९०००००	
३	पन्चकन्या साकेवा श्रीवानी सडक	३११५१		११०००००	११०००००	
४	पिप्ले जिवनसुधालय मावि राईघाट ग्रामिण सडक	३११५१		२००००००	२००००००	
५	सामुगाउँ खेल मैदान	३११५९		१२०००००	१२०००००	०.००
	जम्मा			**८२०००००.००**	**८२०००००.००**	**०.००**
	प्रदेश शसर्त अनुदान					
१	हिले छिन्ताङ त्रिवेणी उदयपुर सडक योजना			१३५०००००.००	१३२४६७८८	२५३२१२
	जम्मा			**१३५०००००.००**	**१३२४६७८८**	**२५३२१२**
	कूल जम्मा			**६८२६१०००.००**	**६६२३३५७५.३५**	**२०२७४२४.६५**

७. सञ्चित कोषबाट भएका खर्च भुक्तानी :

खर्च शिर्षक नं	सशर्त अनुदान बाहेकको खर्च	सशर्त अनुदान तर्फको खर्च	जम्मा खर्च	गत वर्षको रु
21000 पारिश्रमिक सुविधा	**१७५३६३६५.३०**	**७८६१७९४२.७५**	**९६१५४३०८.०५**	
21110 नगद पारिश्रमिक र सुविधा	७४४५२१६.३०	७७८१९७८१.७५	८५२६४९९८.०५	
21120 जिन्सी पारिश्रमिक र सुविधा	३८००००	१५००००	५३००००	
21130 कर्मचारी भत्ता	२९५६२६९	६४८१६१	३६०४४३०	
21140 पदाधिकारी भत्ता र अन्य सुविधा	६०५४८८०	०	६०५४८८०	
21200 कर्मचारी सामाजिक सुरक्षा	७०००००	०	७०००००	
22000 मालसामान तथा सेवाको उपयोग	**३२७७०९६७.७८**	**३१६४१००३.७**	**६४४११९७१.४८**	
22100 सेवा महशुल	३८४८९९	५००००	४३४८९९	
22200 सन्चालन र मर्मत संभार	२१३३५१०	०	२१३३५१०	
22300 कार्यालय सामान र सेवा	२१२५९९९.७८	२९८४०९	२४२४४०८.७८	
22400 सेवा र परामर्श	४४६३३०५	४१००००	४८७३३०५	
22500 कार्यक्रम सम्बन्धी खर्च	२०५२१७५०	३०७५७५९४.७	५१२७९३४४.७	
22600 अनुगमन मूल्यांकन भ्रमण	१९३९३००	४६०००	१९८५३००	
22700 विविध खर्च	१२०२२०४	७९०००	१२८१२०४	
25000 सहायता	**२३४३०००**	**०**	**२३४३०००**	
25000 सहायता	२३४३०००	०	२३४३०००	
27000 सामाजिक सुरक्षा	**१५७९८७०**	**०**	**१५७९८७०**	
27100 सामाजिक सुरक्षा	१२३००००	०	१२३००००	
27200 सामाजिक सहायता	३४९८७०	०	३४९८७०	
28000 अन्य खर्च	**६५५४२०**	**१४१०७८७२.३२**	**१४७६३२९२.३२**	
28000 अन्य खर्च	६५५४२०	१४१०७८७२.३२	१४७६३२९२.३२	
31000 पुँजीगत खर्च	**९५६२७२७५.२५**	**१९१६४७७९**	**११४७९२०५४.३०**	
31110 भवन तथा संरचना	३३६५१३४९.८१	१८१०१७८८		
31120 सवारी साधन तथा मेशीनरी औजार	१०१४३४७७.९४	०		
31130 अन्य पुँजीगत खर्च	५४४४८६	०		
31150 सार्वजनिक निर्माण	४४८०८६९७.५०	१०६२९९१		
31170 पुँजीगत सुधार खर्च	६४७९२६४	०		
कूल जम्मा	१५०५१२८९८.३०	१४३५३१५९७.८०	२९४०४४४९६.१०	

८. **पेश्की बाकी:**

पेश्की लानेको नाम	पेश्की प्रयोजन	दिएको मिति	म्याद नाघेको रु	म्याद ननाघेको रु
राजेन्द्र राई	विपन्न संग अध्यक्ष कार्यक्रम	२०७६/०३/२२	५०,०००.००	
राजेन्द्र राई	विपन्न संग अध्यक्ष कार्यक्रम	२०७६/०३/२४	४६,५००.००	
अचुतराज ढकाल	विपन्न संग अध्यक्ष कार्यक्रम	२०७६/०३/२४	१,००,०००.००	
	जम्मा		**१,९६,५००.००**	

९. **बैंक तथा नगद बाकी :**

बैंकको नाम	खाता नं	खाता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
संचित कोष	०७४०१००००००१२०१	११८२८५२६.८४	११८२८५२६.८४
चालु खर्च खाता	०७४०१००००००२२०१	०.००	०.००
पुँजीगत खर्च खाता	०७४०१००००००३२०१	०.००	०.००
धरौटी	०७४०१००००००४२०१	१७१६५९९.९०	१७१६५९९.९०
कर्मचारी कल्याण कोष	०७४०१००००००५२०१	७०००००.००	७०००००.००
मर्मत संभार कोष	०७४०१०००००७५२०१	१६७८४३३.००	१६७८४३३.००
प्रकोप व्यवस्थापन कोष	०७४०१०००००१५२०१	१४४३५०४.००	१४४३५०४.००
विभाज्य कोष	०७४०१००००१७५२०१	०.००	०.००
नगद बाकी		०.००	०.००
जम्मा		**१७३६७०६३.७४**	**१७३६७०६३.७४**

नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	स्थानीय सञ्चित कोष : स्थानीय तहमा प्राप्त हुने सम्पूर्ण रकम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ अनुसारको कोषमा सञ्चित गर्नुपर्ने र कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्वन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुने व्यवस्था छ । साथै दफा ७१ बमोजिम आ.ब २०७५।७६ को लागि सभामा पेस राजस्व र व्ययको अनुमानमा विगत वर्षको बाँकि बजेट रु.४२०६४००१।५४ समावेश गरेको छैन । पारित बजेटमा विगतको बाँकी भनि देखाएको रकम कुन किसिमको बाँकी हो, सो बाट हुने खर्च चालु वा पूँजिगत नखुलाई बजेट पारित गरि रु.४२०६४००१।५४ खर्च लेखेको देखिन्छ । कार्यालयलाई प्राप्त हुने सम्पूर्ण रकम स्थानिय सञ्चित कोषमा दाखिला गरी सोही आधारमा आय र व्यय विवरण पेश गर्नुपर्नेमा सो गरेको पाइएन ।	
	घाटा बजेट : घाटा बजेट पेश गर्दा घाटा पूर्ति गर्ने स्रोत र सोको आधार खुलाउनु पर्ने र प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्नु हुदैन । यस गाउँपालिकाले घाटा बजेट पेश गर्ने सम्वन्धी ऐन,नियम र निर्देशिका तयार पारेको छैन । स्पष्ट कानुनी व्यवस्था घाटा बजेट कुन किसिमको खर्चको लागि हो सो समेत नखुलाई रु. २६५९३८०००।०० आय र रु. २६८०१९०००।०० व्यय हुने विवरणका आधारमा घाटा पूर्ति गर्ने स्रोतको एकिन वेगर रु २० लाख ८१ हजारको घाटा बजेट पेश गरेको छ । कानुनको व्यवस्था गरी घाटा पूर्तिको स्रोत एकिन गरेर मात्र घाटा बजेट पेश गर्नु पर्दछ ।	
	विगतको घाटा बजेट पूर्ति : आर्थिक कार्यविधि नियमाली, २०६४ को दफा ४०(७) मा चालू वर्षको बजेटले नखाम्ने गरी वढी खर्च हुने गरी दायित्व सृजना गर्न हुँदैन भन्ने व्यवस्था छ । गाउँपालिकाको घाटा बजेट पेश गर्ने कानुनी आधार वेगर गत वर्ष घाटा बजेट तयारी गरी खर्च गरेको देखिन्छ । यस वर्षको बजेटबाट विगतको घाटा बजेट मार्फत गरिएको कार्यक्रमको विस्तृत विवरण नखुलाई विभिन्न शिर्षकको बचत रकम बाट गत वर्षको घाटा पूर्ति गरेको देखिएको छ ।	
	खर्च गर्ने अख्तियारी र कार्यविधि: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले वडाहरुलाई वजेट खर्च गर्ने अख्तियारी	

नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	दिएको छैन तर आफ्नो वडाको काम गर्न सम्बन्धित वडालाई पेश्की दिएको छ ।	
	सञ्चित कोष : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसँग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त प्रावधान अनुरुप वडा स्तरमा खर्च खाता सञ्चालन भएको पाइएन ।	
	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राखेको छ । वित्तिय लेखामा अभिलेख भएको वार्षिक बजेट ३८७४८८५५०।- र २०७६ आषाढ मसान्त सम्मको चालुमा रु. २०२६३२८०३।५३ र पूँजीगत रु. १३२२७५००९।६० समेत कूल जम्मा खर्च रु. ३३४९०७८१३।१३ भएको देखिन्छ ।	
	लक्ष्य/प्रगति स्थिति – आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष नियमको उक्त व्यवास्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन ।	
	वार्षिक खरिद योजना :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम (१) वमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सोही नियमको उपनियम (२) मा उल्लेखित कुराहरु समावेश गरी वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार खरिद योजना बनाउने गरेको देखिएन । खरिद योजना नहुँदा चौमासिक रुपमा गर्नुपर्ने निर्माण कार्य आर्थिक बर्षको अन्तमा बढि गर्ने गरेको देखियो । योजना बनाएर कार्यक्रम सन्चालन गर्नुपर्दछ ।	
	चौमासिक खर्च: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १ करोड ९३ लाख १९ हजार (१५ प्रतिशत), दोश्रो चौमासिकमा ३ करोड २४ लाख २८ हजार (२४ प्रतिशत) र तेश्रो चौमासिकमा ८ करोड ५ लाख २७ हजार (६१ प्रतिशत) र असारमा ४ करोड ८० लाख ११ हजार (३६ प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सन्चालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ ।	
	ठेक्का व्यवस्थापन : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र को माध्यमबाट रु. ४ करोड १३ लाख २७ हजारका तिन वटा ठेक्का सम्झौता गरेकोमा दोश्रो चौमासिकमा १ र तेश्रो चौमासिकमा २ ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी दोश्रो र अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य प्रथम चौमासिकमा गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । यसरी खरिद नियमावलीले तोकेको चौमासीकमा ठेक्का व्यवस्था नगर्दा कामको अनुगमन र सुपरीवेक्षणमा कमी आइ गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा ठेक्का व्यवस्थापनलाई प्रभावकारी वनाउन नियमको पालना गर्नुपर्ने देखिन्छ ।	
	वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । उक्त बिषयमा गाउँपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नपर्ने देखिन्छ । यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो : • निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण नगरेको, • राजश्वको लगत तयार नगरेको, • वडामा उठ्ने राजश्वको लक्ष्य निर्धारण नगरेको,	

	भौचर, मिति र व्यहोरा	बेरुजू रकम

- प्रतिस्पर्धात्मक खरिद अवलम्वन नगरेको,
- वितरणमूखी कार्यक्रमलाई वढवा दिएको,
- पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको,
- स-साना योजनालाई प्राथमिकतामा राखेको,
- कोषहरुको कार्यविधि कानून नबनाएको,
- उपभोक्ताको योगदान न्यून रुपले जुटाएको,
- धरौटीको आयूगत वर्गीकरण नगरेको,
- कर तथा शुल्क निर्धारणको ठोस आधार निर्माण नगरेको,
- मर्मत कोषको कार्यविधि नबनाएको ,
- संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको,
- प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरी दोश्रो र तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको,
- ठेक्का अवधिमा कार्य सम्पन्न नगरी म्याद थप गरेको,
- उपभोक्ताको खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,
- चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको,
- कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको,
- राजश्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको,
- तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको,
- प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,
- विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडि नवढाएको,
- अवकास कोष सम्वन्धी कानूनी व्यवस्था पालना नगरेको,
- आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको,
- एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण नगरेको,
- लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको ।
- परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,
- सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,
- निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,
- अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,
- योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,
- फोहोरमैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,
- अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,
- नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ ।

आन्तरिक लेखापरीक्षण - स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो वार्षिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । आन्तरिक लेखापरीक्षणबाट आय तथा व्यय र त्यसको लेखाकंन प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया अनुरुप गरे वा नगरेको वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रभावकारी रुपमा भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रम अनुरुप लक्ष्य प्राप्ति गरे वा नगरेको वित्तीय प्रतिवेदनले आर्थिक कारोवारको सही यर्थाथ चित्रण प्रस्तुत गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी गरे वा नगरेकोजस्ता विषयमा जानकारी हुने कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराउनु पर्दछ । कार्यालयले आन्तरिक लेखापरीक्षणका लागि जनशक्ति तथा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी प्रभावकारी रुपमा आन्तरिक लेखापरीक्षणको माध्यमबाट आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्ने

	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	देखिन्छ ।	
	कानुन निर्माण र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत गाउँपालिकाले, प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५, न्यायिक समिति कार्यविधि सम्वन्धि ऐन, २०७५, आर्थिक ऐन, २०७५ लगतयतका ३३ वटा ऐन, नियमावली, कार्यविधि तर्जुमा भई कार्यान्वयनमा आएका छन् ।	
	कर्मचारी कल्याण कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले चालु खाताबाट एकमुष्ट रु.७ लाख कल्याणकोष खातामा राखेको छ। कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । ऐन बमोजिम योगदानमा आधारित कोष स्थापना गर्ने तर्फ ध्यान दिनु पर्दछ।	
	वातावरणीय प्रभाव : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा गाउँ क्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, जस्ता वातावरण सुधारको गाउँपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा गाउँ वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत गाउँ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ।	
	आन्तरिक आय : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यसवर्ष राजश्व बाँडफाँडबाट प्राप्त हुने राजश्व समेत रु.७८५४२२००।- को अनुमानित बजेट पारित गरेकोमा रु.४७५१११७१।४० प्राप्त गरको छ । जुन कुल अनुमानित आयको ६०.४९ प्रतिशत रहेको छ । साथै अन्य बाँडफाँडबाट प्राप्त हुने बाहेकको अनुमानित आयको ३५.७१ प्रतिशत र कर राजश्वको २८.७४ प्रतिशत मात्र राजश्व संकलन गरेको देखिन्छ । राजस्वका बैकल्पिक स्रोतहरु पहिचान गरी गाउँपालिकाको आम्दानी बृद्धि गर्ने तर्फ आवश्यक पहल गरी लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ ।	
	कारोवारको लेखा: प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० अनुसार प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगती तथा हसवली राजश्व आम्दानी दाखिला गरी नियम ९ वमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजश्व स्रेस्ताको लागि महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
	राजश्व परामर्श समितिको निर्णयानुसार २० लाख भन्दा कम पूँजीको रु. ५००।- व्यवसायीक दर्ता दस्तुर लिने व्यवस्था छ । गत वर्षमा १११ दर्ता भएको २९ वटाको दस्तुर रु. १४५००।- गत वर्ष दर्ता मध्ये ३ वटाको रु. १५००।- एवं चालु वर्षको ११ वटाको दर्ता समेत दस्तुर रु. ७०००।- आम्दानी भएको छ । गत वर्ष दर्ता भएको ७९ वटाको रु. ३९५००।- आम्दानी बाध्न बाँकी रु....	३९५००.
	गाउँपालिका र मातृका राईबीच गाउँपालिकाको व्याकहो लोडर प्रयोग भएको प्रति घण्टा रु. ११०० को दरले प्रयोगमा ल्याउन सम्झौता भएको छ । सम्झौता अनुसार मातृका राईले ३६६ घण्टा प्रयोग गरे वापत रु. ४०२६००।०० भाडा भुक्तानी गर्नुपर्नेमा १९०.९० घण्टाको रु.२०९९९०।०० मात्र भुक्तानी गरेकोले बाँकी १७५।१० घण्टाको रु १९२६१०।०० भाडा असुल गर्नुपर्ने रु....	१९२६१०.
	न्याय सम्पादन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४९ (४) मा न्यायिक समितिले दफा ४७ को उप दफा (२) मा उल्लेखित विवादमा प्रतिवादी उपस्थिति भएको मितिले ३ महिना भित्र मेलमिलापको माध्यमबाट टुंगाउनु पर्नेछ । सो अवधि भित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनाई	

भौचर, मिति र व्योहोरा	बेरुजू रकम

विवाद र सो सँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाइदिनुपर्ने छ भन्ने व्यवस्था छ । न्यायिक समितिमा गत वर्षको ६ वटा मध्ये २ वटा फछ्र्यौट तथा यस वर्ष १३ वटा दर्ता भएकोमा ७ वटा फछ्र्यौट भई गत वर्षको सहित १० वटा मुद्दा फछ्र्यौट गर्न बाँकी रहेको देखिन्छ । ऐनको व्यवस्था अनुसार कार्यान्वयन हुनुपर्दछ ।

सेवा प्रवाह : गाउँपालिकाको कार्यालय शहिदभूमिले गाउँवासीको लागि विभिन्न प्रकारका सेवाहरु प्रवाह गर्दै आएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष नागरिकता सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म मृत्यु दर्ता लगायत अन्य विभिन्न सेवा प्रवाह गरिरहेको छ । सेवा प्रवाहलाई समयानुकुल प्रभावकारी गराउदै लानु पर्दछ ।

सेवा प्रवाहको विवरण	सिफारिस संख्या
नागरिकता सिफारिस	६०४
घरबाटो सिफारिस	२२१
नाता प्रमाणित	१४६
जन्म मृत्यु दर्ता	८९१
बसाइ सराई	५६
सम्बन्ध विच्छेद	८
अन्य	६८९

भवन नक्सा पास : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाउँपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाउँपालिकामा यस वर्ष घरको अस्थाई अनुमति दिएको विवरण गाउँपालिकाबाट पेश भएन । गाउँपालिकाले गाउँक्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गर्न भवन निर्माण संहिता पालना गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।

स्रोत नक्सांकन : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख अद्यावधिक गरेको देखिएन । अभिलेख अद्यावधिक गरिनु पर्दछ ।

गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

कृषि तथा पशु पालन, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी नीति निर्माण कार्यान्वयन तथा अनुगमन गर्ने गाउँपालिकाको काम कर्तव्य र अधिकार तोकिएको छ । सो कार्यका लागि कृषि पकेट क्षेत्र, फलफुल बगैचा पशुपालन समुह लगायतको तथ्याङ्क विश्लेषणका लागि कृषि उपज बिरुवाको वितरण, पशुपालक समुहलाई बितरण गरेको रागो, कुखुरा जस्ता कृषिजन्य वस्तुको अनुदान विभिन्न शिर्षकबाट गत बिगत एवं यस वर्ष बितरण गरेको अनुदान सम्बन्धमा तथ्याङ्क व्यवस्थित गरी अनुगमन गर्ने नगरेकोले खर्चको प्रभावकारीता एवं भावी रणनीतिका लागि आवश्यक कदम चाल्नुपर्दछ ।

कन्टिन्जेन्सी खर्च - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूचि १ को व्यवस्था रहेको छ । उक्त अनुसूचिमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत खर्च गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशत सम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी यस वर्षमा कन्टिन्जेन्सी खर्च रु. ३६०६६६९।- भएको देखिन्छ ।

जनशक्ती व्यवस्थापन : शहिदभूमि गाउँपालिकाको लागि नेपाल सरकारबाट विभिन्न पदका ४५ दरबन्दी स्वीकृत भएकोमा ३३ पदपूर्ति भई विभिन्न पदका १४ दरबन्दी रिक्त रहेको देखियो । कार्यालयमा कायम दरबन्दी रिक्त रहेकोले कार्यचाप बढ्ने, काममा ढिलासुस्ति तथा गुणस्तरियता हुन नसक्ने हुनाले र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	भ्रमण अभिलेख तथा प्रतिबेदन: भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभावकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।	
	उपभोक्ता समिति दर्ता – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संम्फौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।	
	उपभोक्ता मार्फत निर्माण कार्य - अधिकांश ग्रामिणस्तरका वडा स्तरीय निर्माण कार्यहरु उपभोक्तासंग सम्फौता गरी १०-२० प्रतिशतसम्म श्रमदान र वांकी रकम कार्यसम्पन्नको आधारमा भुक्तानी दिने गरी उपभोक्तासंग सम्फौता गरी निर्माण कार्य हुने गरेको कारण दिगोपना आउने देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधिको व्यवस्था गरेको छ । नमुना छनौटको आधारमा पारीक्षण यस सम्वन्धी देखिएका केही व्यहोरा यस प्रकार छन् :	
.१	**आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही संमुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट ९९ वटा आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ ।	
.२	उप नियम (३) अनुसार उपभोक्ता समूहबाट लाभग्राही समुदायले गर्ने काम वा सेवाका सम्वन्धमा खरिद सम्फौता गर्नुपर्ने र त्यस्तो सम्फौतामा उपभोक्ता समूहले व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि, कामको गुणस्तर नियन्त्रण गर्ने, सम्पन्न निर्माण कायको मर्मत सम्भार , सम्पन्न निर्माण कार्यको भुक्तानीको शर्त र तरिका अन्य आवश्यक कुराहरु सम्फौतामा स्पष्ट रुपमा खुलाउनु पर्नेमा अधिकांश सम्फौतामा यी कुराहरु खुलाउने गरेको पाइएन ।	
.३	उपनियम (७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफ्नो प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गर्नुपर्ने उल्लेख भएपनि सो नगरी कार्य गरेको पाइयो ।	
	बिमा : सार्वजनिक खरिद नियमावली, २०६४ को ११२ अनुसार खरिद संफौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपिया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार, लगायत कामदार तथा कर्मचारी समेतको बीमा गराउनु पर्ने व्यवस्था गरेको छ । गाउँपालिका कार्यालयले जतिसुकै मूल्य बराबरको ठेक्का पट्टा लगायतको निर्माण कार्य र तेश्रो पक्ष समेतको बीमा गराउने गरेको छैन । नियममा भएको व्यवस्था बमोजिम भविष्यमा आउन सक्ने संभावित जोखिमलाई न्यूनिकरण गर्न बीमा गराउने तर्फ कार्यालयले ध्यान दिएको देखिएन । तसर्थ निर्माण कार्यमा आईपर्ने सम्भावित जोखिमलाई न्यूनिकरण गरी समयमा कार्य सम्पन्न गर्नको लागि नियममा भएको व्यवस्था अनुसारको बीमा गराउने तर्फ ध्यान जान जरुरी देखिन्छ ।	
	परामर्श खर्च :- सार्वजनीक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ती एवं अन्य जनशक्तीको पारीश्रमिक, भ्रमण खर्च, कार्यालय खर्च, अन्य खर्चहरु उल्लेख गरी परामर्श सेवाको लागत अनुमान अनुसुची १ (क) को ढाचामा तयार गर्नुपर्ने व्यवस्था छ । शहिदभूमि गाउँपालीकाको गाउँ विकास आवधिक योजना र गुरु योजनाको एकीकृत भिलेज प्रोफाइल तयारी गर्नको लागि नियमावलीको नियम ७० वमोजिम खुल्लारुपमा सूचना प्रकाशन गरी छुट्टा छुट्टै प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव माग गरी घटीवाला दुइवटा परामर्शदातासंग सम्फौता गरी रु.७५२०८१।८६ खर्च लेखेको छ ।	
	मुल्य अभिवृद्धि करको जानकारी नगराएको- कार्यालयले विभिन्न खरिद तथा निर्माण कार्यका आपूतर्ककहरुलाई सेवा वा सामानको भुक्तानीमा थप गरी दिएको मू.अ.कर रकम भुक्तानी भएको आर्पूतक फर्म कम्पनी दर्ता भएको सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा जानकारी दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्त समितिसंग सम्फौता गरी विभिन्न निर्माण आपुर्तकहरु मार्फत एक्साभेटर प्रयोग गरी सडक निर्माण/मर्मत गरेको छ । सडक निर्माण	

	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	कार्यको लागि भाडामा डोजर लोडर दिने आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा जानकारी दिएको देखिएन । योजनामा एक्साभेटर र डोजर प्रयोग गरी उपभोक्ता समितिलाई स्काभेटर,डोजर भाडामा दिने आपुर्तकलाई मूल्य अभिवृद्धि कर समेत थप दिइएकोमा सो को जानकारी समयमा दिनु पर्दछ ।	
	सवारी साधन खरिद - सरकारी निकायले सवारी साधन तथा भारी मेसिनरी औजार खरिद गर्दा अर्थमन्त्रालयको स्वीकृती लिनु पर्ने व्यवस्था भएकोमा अर्थमन्त्रलायको स्वीकृती वेगर गाउँपालिकाले समानिकरण बजेटबाट यस वर्ष १ वटा स्कर्पियो जीप रु. ५५७५०००। र ३ वटा मोटर साइकल खरिदमा रु.७२३४५२। खर्च गरेको छ । यसरी अर्थ मन्त्रलयको स्वीकृती वेगर खरिद गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।	
	नापी किताब: निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ । नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ । गाउँपालिकाले नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ ।	
	हेभी मेशीनबाट कार्य :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) मा काम वा सेवाको प्रकृति परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सूचाना प्रकाशन गरी प्रस्ताव माग गर्ने र उपभोक्ता समितिले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माणस्थलको भ्रमण गरी कार्य समुदायको सहभागितामा सम्पन्न हुने, सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत संभार समुदायले गर्नुपर्ने प्रावधान राखी सम्झौता गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा एक्साभेटर मेशिन प्रयोग गरेको छ । निर्माण कार्यमा प्रयोग भएका मेशिनको क्षमता, आयू र प्रति घ.मी. खन्न कति परिमाण इन्धन खपत हुने हो सो समेत नखुलाई एक्साभेटर उपलब्ध गराउने निर्माण व्यवसायी तथा कम्पनीलाई उपभोक्ता समितिले पेश गरेको आधारमा समितिलाई भुक्तानी गरेको छ । सडक निर्माण कार्यको लागत अनुमानमा उपभोक्ता समितिको जनश्रमदान व्यहोर्ने उल्लेख गरेतापनि एक्साभेटरबाट कार्य गराएको कामको परिमाणबाट भुक्तानीमा जनश्रमदान व्यहोरिएको देखिएको छैन ।	
	भाडा कर : आयकर ऐन, २०५८ को दफा ८८ (५) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ८८ (५) (क) मा मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा वापत भूक्तानी गर्ने रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिले विभिन्न निर्माण व्यवसायीको ह्याभी मेशिन भाडामा लिई निर्माण कार्य गरी देहायका निर्माण व्यवसायीलाई ह्याभी मेसीन प्रयोग गरे बापत भाडा भूक्तानी दिँदा उक्त व्यक्ति मेशिन भाडामा दिने व्यवसाय गर्ने भन्ने नखुलाई १.५ प्रतिशत भाडा कर कट्टी गरी भूक्तानी दिएकोले ८.५ प्रतिशत भाडाकर कट्टा गर्न छुट भएकोले निर्माण व्यवसायी मेशिन भाडा दिने भन्ने नखुलेकोले खुलाई पेश हुनुपर्ने अन्यथा छुट भएको बाँकी कर असुल गर्नु पर्ने रु.......	१००७९४२.

क्र.सं. | भौचर, मिति र व्यहोरा | बेरुजू रकम

भौ.नं. र मिति	निर्माण व्यवसायी	कार्य विवरण	जम्मा भुक्तानी रकम	१.५ प्रतिशत कट्टा गरेको रु	छुट ८.५ प्रतिशत रकम
६/०७६/१/२०	के.एम. निर्माण सेवा धनकुटा, ४	सुके आहार साँवावारी ग्रामिण सडक	२३१४२२१.००	३४७१४.००	१९६७०८.००
१४/०७६/३/३०	के.एम. निर्माण सेवा धनकुटा, ४	सुके आहार साँवावारी ग्रामिण सडक	१४५५३६.००	२१८३.००	१२३७०.००
५/०७६/२/१२	के.एम. निर्माण सेवा	गौरीपाखा चाम्चा साप्तिङ्ग सडक स्तरोन्नती	१८८७६४२.९८	२८३१५.००	१६०४४९.००
६/०७६/२/१२	एम.ए.वाई कन्स्ट्रक्सन प्रा.लि.शहिदभूमि ३	भालुखोला तित्रे लेगुवा ग्रामिण सडक	७६४५८९.१५	११४६९.००	६४९८९.००
१४/०७६/३/२०	श्री तीनकुने विल्डर्स प्रा.लि., सुनसरी	कागुने ललाहाङ ललाहानी पिलियाटार ग्रामिण सडक	६०८७७४.८९	९१३२.००	५१७४५.००
१५/०७६/३/३०	के.एम. निर्माण सेवा	सुकेआहाल पोक्ला चौतारा कार्तिक भोदान ग्रा.स.	६४५२८५.०१	९६७९	५४८४९.००
९/०७६/३/२२	विरिम खेमसोङ एण्ड गौरुङ्ग कन्स्ट्रक्सन धनकुटा	जीवन सुधालय मा.वि. राइघाट ग्रामिण सडक	११५१३३६.५४	१७२७०.००	९७८३३.००
४/०७६/१/३०	एम.ए.वाई कन्स्ट्रक्सन प्रा.लि.शहिदभूमि ३	पञ्कन्या साकेवा श्रीवनी सडक	९४८३२५.८५	१४२२५.००	८०६०८.००
२/०७५/१२/१०	एम.ए.वाई कन्स्ट्रक्सन प्रा.लि.शहिदभूमि ३	साम्वुगाउं खेल मैदान	१०९३९६६.८३	१६४१०.००	९२९८६.००
९५/०७५/११/१	एम. ए. वाई क.प्रा.लि.	ज्यामिरे पाङनाम वुर्खा त्रिवेणी सडक	१४५०७२०.००	२१७६०.८०	१२३३११.००
९७/०७५/११/२	एम. ए. वाई क.प्रा.लि.	ज्यामिरे पाङनाम बाटो स्तरोन्नती	१४५६४७५.००	२१८१७.००	१२८३०.००
१०२/०७५/११/७	तीनकुने विल्डर्स प्रा.लि.	सडक तथा पर्यटन पूर्वाधारको कार्य	६९७२२५.००	१०४५८.००	५९२६४.००
		जम्मा	१३१६४०९८.२५	१९७४३२.८	१००७९४२

३६. गो.भौ.नं. १४।०७६।३।३० निर्वाचन क्षेत्र विकास कार्यक्रम (संघ) बाट सुकेआहाल साँवावारी ग्रामिण सडकको लागि रु. ५७१२९८१।- लगत इस्टिमेट स्वीकृत गरी कार्यालयबाट रु.५००००००।- श्रमदान रु. ७११९०१।- वेहोर्ने गरी मिति २०७६।१।२५ मा सम्पन्न गर्ने गरी मिति २०७५।९।१० मा सम्झौता अनुसार दोस्रो रनिङ्ग विल ढुङ्गा फुटाउने तथा संकलन गर्ने कार्य वापत पेश भएको डोर हाजिरीबाट रु. ११७७२४०।- को विल भरपाई तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई भूक्तानी दिनु पर्नेमा के.एम.निर्माण सेवाको विजनक नं. ४२ बाट डोर हाजिरी वापत रु. ११७७२४०।- र मु.अ.कर १५३०४१।- समेत रु. १३३०२८१।- भूक्तानी भएकोले उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराई अनियमित देखिएको रु.... . १३३०२८१.

३७. **फ्रिज बाँकी भएको:** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३३ (क) मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको उपशिर्षहरुको हकमा वाहेक अन्य उपशीर्षकको सालतमाम हुनभन्दा कम्तिमा सात दिन अगाडी नै सबन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्ने र यसरी आर्थिक कारोवार वन्द गरेपछि निकासा तथा खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। संघीय सरकार निकासा भएको सर्शत अनुदान रु. ३६००।- र प्रदेश सरकारको रु. २५३२१२।- गाउँपालिकाको संचितकोष खाता रहेको छ । उक्त रकम संघियकोष र प्रदेशकोषको भएकोले वेरुजु खातामा दाखिला गर्नु पर्ने रु........ ५६८१२.

३८. आ.व. २०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम र बजेट मिति २०७५ आषाढ १० मा दोस्रो गाउँसभामा पेश भएको छ । प्रेशित नीति तथा कार्यक्रम गाउँसभाबाट प्रमाणित प्रति र प्रकाशित शहिदभूमी गाउँपालिका आ.व.०७५।०७६ को नीति तथा कार्यक्रम पुस्तिकामा कुल जम्मा बजेट, क्षेत्रगत र शीर्षकगत एवं चालु र पूँजीगत बजेटमा निम्नानुसार फरक फरक अंक उल्लेख गरेको देखिन्छ ।

३८.१. २०७५।०७६ लागि आय निर्धारण गर्दा गाउँसभाबाट प्रमाणित कार्यमा आन्तरिक आय ६९ लाख नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानबाट रु ७ करोड २४ लाख ३७ हजार, शर्शत अनुदानबाट रु ११ करोड ६४, लाख राजश्व बाँडफाँड बाट रु ५ करोड २० लाख, सामाजिक सूरक्षा कार्यक्रमबाट रु ३ करोड ९० लाख, प्रदेश सरकारबाट समानिकरण बाट रु २३ लाख र शर्शत तर्फ रु १ करोड गरी कुल आम्दानी रु २६ करोड ५९ लाख ३८ हजार हुने उल्लेख छ। खर्च तर्फ चालुमा रु. ३ करोड ५८९ लाख र पूँजीगतमा रु २२ करोड ४४ लाख ५९ हजार भै कूल खर्च रु २६ करोड ५९ लाख ३८ हजार हुने अनुमान गरिएको छ तर शहिदभूमि गाउँपालिकाको विनियोजन विधेयक, २०७५ को अनुसूची- २ मा भने चालु खर्च तर्फ रु ३ करोड ८९ लाख ५० हजार ८ पूँजीगत तर्फ रु. २२ करोड ९० लाख ६९ हजार गरी कूल बजेट रु. २६ करोड ८० लाख १९ हजार उल्लेख भएको देखिन्छ । त्यसै गरी प्रकाशित पुस्तिकाको पाना ३२ मा भने कुल आम्दानी रु २६ करोड ५९ लाख ३८ हजार हुने उल्लेख गरी चालु खर्चमा रु. ३ करोड ८९ लाख ५० हजार र पूँजीगत खर्चमा रु २२ करोड ९० लाख ६९ हजार समेत कूल रु. २६ करोड ८० लाख १९ हजार खर्च हुने उल्लेख छ । यसरी हेर्दा प्रमाणित प्रति भन्दा पुस्तकमा २० लाख ८१ हजार घटी बजेट उल्लेख गरेको छ । यस्तो फरक हिसाव हुनुहुदैन ।

क्र.सं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
८.२	क्षेत्रगत र शीर्षकगत पूँजीगत खर्चमा गाउँसभाबाट प्रमाणित प्रतिमा सामाजिक विकासमा ८५ लाख ९९ हजार बजेट उल्लेख छ भने प्रकाशित पुस्तकमा भने रु. १ करोड १० लाख ४९ लाख (प्रमाणित कपि भन्दा २४ लाख ५० हजार बढी उल्लेख गरको देखिन्छ । त्यस्तै पूर्वाधार विकासमा प्रमाणित कपिमा ६ करोड ३१ लाख ६० हजार र पुस्तिकामा रु. ६ करोड १६ खा ६० हजार मात्र उल्लेख गरेको छ । सामाजिक सेवा तथा क्षमता विकासमा प्रमाणित कपिमा ४२ लाख मात्र बजेट विनियोजन भएकोमा पुस्तिकामा भने ५२ लाख उल्लेख गरको देखिन्छ ।	
९.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राखेको छ । वित्तिय लेखामा अभिलेख भएको वार्षिक बजेट ३८७४८८५५०।- र २०७६ आषाढ मसान्त सम्मको चालुमा रु. २०२६३२८०३।५३ र पूँजीगत रु. १३२२७५००९।६० समेत कूल जम्मा खर्च रु. ३३४९०७८१३।१३ भएको देखिन्छ । तर अभिलेख भएको निम्न सहायक खाताहरुमा भएको खर्च र वार्षिक कूल जम्मा खर्चमा रु.२२७४५११।- फरक देखिएको छ । सहायक खाताहरुमा जम्मा अभिलेख भएको वार्षिक खर्चहरुको जोड जम्मा गर्दा वार्षिक कूल जम्मामा फरक परेको बजेट खर्च एकिन गर्न नसकिएको रु....	२२७४५११.

सि.नं.	बजेट स्रोत	बजेट अनुगमन	जम्मा खर्च	बजेट बाँकी
१.	आन्तरिक स्रोत तर्फ	४८९२७०५०.००	३७२११९०६.५०	११७१५१४३.५०
२.	नेपाल सरकार सामानीकरण अनुदान	७२६००००.००	६६९२९८१४.८१	५६७०१८५.१९
३.	नेपाल सरकार शर्सत अनुदान	१२६८८२२५०.००	११८०२८८६९.६८	८८५३३८०.३२
४.	प्रदेश नं.१ समानीकरण अनुदान	३३१२०००.००	१६५६०००.००	१६५६०००.००
५.	प्रदेश नं.१ शर्सत अनुदान हस्तान्तरित का.	१३५००००.००	१३२४६७८८.००	२५३२१२.००
६.	प्रदेश नं.१ अन्य अनुदान हस्तान्तरित का.	८२०००००.००	६२०००००.००	२००००००.००
७.	नेपाल सरकार अन्य अनुदान	४३५४८०००.००	४२१६३७५३.३५	१३८४२४६.६५
८.	मर्मत संहार कोष २ %	२००००००.००	११५३४०२.००	८४६५९८.००
९.	प्रकोप व्यवस्थापन कोष १ %	५०००००.००	३१०००.००	४६९०००.००
१०.	राजश्व बाँडफाँड संघीय सरकार	५३४२२०००.००	४३२११६७६.७९	१०२१०३२३.२१
	जम्मा	३७२८९१३००.००	३२९८३३२११.१३	४३०५८०८८.८७

१०.	विद्युतिय लेखा (SUTRA) मा अभिलेख भएको बैंक नगदी किताब (म.ले.फा.नं.) अनुसार समानीकरण, राजश्व बाँडफाँड, आन्तरिक स्रोत र नेपाल सरकार तथा प्रदेश सरकारको शर्सत अनुदान समेतको कूल पूँजीगत खर्च रु.१२७१०२३३८।६० भएको देखिन्छ । तर सोही विद्युतीय लेखामा अभिलेख गरीएको खर्चको फाँटवारी (म.ल.प.फा.नं. १३) अनुसार भने २०७६ आषाढ मसान्त सम्मको कुल पूँजीगत खर्च रु.१३२२७५००९।६० भएको देखिन्छ । मासिक खर्च फाँटवारी अनुसार नै बैंक नगदी किताब तयार हुने हुँदा खर्च फाँटवारी भन्दा बैंक नगदी किताबमा पूँजीगत तर्फ घटी खर्च देखाएको सम्बन्धमा एकिन हुन नसकोको रु	५१७२६७१.
११.	विद्युतिय लेखा अभिलेख भएको मासिक खर्चको फाँटवारी अनुसार वार्षिक जम्मा चालु खर्च रु.२०२६३२८०३।५३ उल्लेख भएको देखिन्छ भने बैंक नगदी किताब अनुसार भने वार्षिक जम्मा चालु खर्च रु.१९९९३२८०३।५३ मात्र उल्लेख भएको देखिएबाट बैंक नगदी किताबमा घटी खर्च अभिलेख भएको रु.२७०००००।- को सम्वन्धमा एकिन हुन नसकिएकोले एकिन हुनु पर्ने रु....	२७०००००
१२.	गाउँपालिकाले विद्युतिय लेखामा (SUTRA) अभिलेख गरेको बैंक नगदी किताब अनुसार वार्षिक जम्मा पेश्की पाएको फछ्यौंट र बाँकी निम्नानुसार रहेको देखिन्छ ।	

ब.उ.शि.नं.	पाएको महलमा	फछ्यौंट महलमा	बाँकी देखिएको फरक	पेश्की खाताले देखाएको रकम (सुत्रमा अभिलेख)
८०१०६५०१००१ (पूँजिगत)	५३६४९००	४८७९९००	४८५०००	खाली देखाएको
८०१०६५०१५०१ (संघिय पूँजिगत)	१०६८०००	५२८०००	५४००००	खाली देखाएको
८०१०६५०१००१ (चालु)	५५६६०००	२६८५५००	२८८०५००	खाली देखाएको
८०१०६५०१५०१ (संघिय चालु)	४०६३३५१६	३५७८७८१६	४८४५७००	खाली देखाएको
जम्मा	५२६३२४१६	४३८८१२१६	८७५१२००	

बैंक नगदी किताब माथि वर्षान्तमा फछ्यौंट गर्न बाँकी पेश्की रु. ८७५१२००।- रहेको देखाएको छ । पेश्की खाताका

... नं	भौचर, मिति र ब्यहोरा	बेरुजू रकम
	वार्षिक अभिलेख किताबमा वर्षान्तमा फछ्र्यौट हुन बाँकी पेश्की सुन्य रहेको देखिन्छ । म.ले.प.फा.नं. १४ पेश्की बाँकीको विवरणमा पनि उक्त पेश्की बाँकी देखिन्छ । वास्तविकता एकिन गर्न अभिलेख कागजात भिडान गर्दा संघिय पूँजितको गो.भौ.नं. ११ को रु.५४०००००।- गाउँपालिका चालु तर्फका ३६ वटा गो.भौ. को रु. २८८०५००।- गाउँपालिका पूँजिगत चालु, संघिय हस्तान्तरित २० वटा भौचरको रु.४८४५७००।- को पेश्की फछ्र्यौट गरीएको कारोबारको आभिलेख बैंक नगदी किताबमा (SUTRA) ले नगरेको देखियो । विद्युतिय लेखा (SUTRA) बाट सुरु कारोबारको अभिलेख गरिदा गोश्वरा भौचरमा आवश्यक फिल्ड मात्र भरीने र सोही आधारमा बजेट खर्च, पेश्की खाता बैंक नगदी किताब र अन्य विवरण स्वत आफै तयार हुने हो । गोश्वरा भौचरमा पेश्की फछ्र्यौट भएको देखिन्छ तर बैंक नगदी किताबको फछ्र्यौट महलमा सो कारोबारको भौचर अभिलेख गरी फछ्र्यौट देखाएका छैन । फरक परेको पेश्की सन्दर्भमा भौचरमा बैंक डेबिट वा बैंक क्रेडिट नभएको भौचरहरु बैंक नगदी किताबमा पोष्टिङ्ग नभएकाले त्यस्ता पोष्टिङ्ग नभएको भौचरको जोडजम्मा र पछ्र्यौट गर्न बाँकी पेश्कीको विवरणको जोडजम्मा बराबर रहेको हुनाले सुत्रबाट प्राप्त प्रतिवेदन यथार्थपरक भएको कार्यालयको भनाई छ ।	
	भौ. १३ मिति २०७५।३।२९ खोक निर्माण सेवाको अप्ठेरो छेडी सुके आहाल सडक कालो पत्रे गर्ने कार्यको प्रथम विल रु. १४७८९५९।९३ भुत्तानी गर्दा प्रोमिजनल समवाट इन्सोरेन्स एक जव भनी रु.२५०००।- समेत भुक्तानी दिएको देखिन्छ । फाहेल साथ रु. २१०७७।३६ को फोटो कपि विल मात्र संलग्न भएको देखिन्छ । सक्कल विल वेगर भुक्तानी गर्न नमिल्ने रु	२५०००.
	भौ.नं. ११ मितिः २०७५।३।२५ सुदिक्षा थुलुङ कन्स्ट्रक्सन धनकुटालाई अप्ठ्यारे मिर सुकेआहाल सडक खण्ड कालोपत्र गर्ने कार्यको दोस्रो विल रु.५२०७२४९।- भुक्तानी गर्दा प्रोभिजनल समबाट इन्सोरेन्स वापत रु.४००००।- समेत भुक्तानी गरेकोमा रु. ३१९५४।८ को मात्र फोटोकपि विलमात्र संलग्न देखिन्छ । पुरै रकमको सक्कल विल वेगर भूक्तानी गर्न नमिल्ने रु.....	४००००.
	प्रदेश सरकारबाट लिने छिन्ताङ्ग त्रिवेणी उदयपुर सडक कालोपत्रे गर्न रु.१३५०००००।- बजेट व्यवस्था भएको मध्ये अप्ठ्यारे भिर देखि सुकेआहाल सम्मको सडक कालोपत्रे गर्न सुरुमा १३५००३५६।१२ को लागत स्वीकृत गरी २०७५।१२।१० को सम्झौताबाट रु. २०७६।३।३१ मा कार्य समापत गर्ने गरी सुदिक्षा थुलुङ कन्स्ट्रक्सन धनकुटासँग रु.८९५१२३९।८५ ठेक्मा भै १० प्रतिशत भेरियसन समेत कुल रु.९८४५६०३।५६ भूक्तानी भएको देखिन्छ । उक्त योजनामा प्रथम ठेक्मा हुँदा बचत भएको बजेटबाट पुन दास्रो चरण भनी रु.३३३६८६०।८० को लागत तयार गरी २०७६।२।१३ को सम्झौताबाट रु. २१६५०५१।१९ को ठेक्मा सम्झौता गरी २०७६।३।३१ मा सोही रकमको अन्तिम विल भूक्तानी भएको देखिन्छ । पहिलो ठेक्काबाट ५४०.२२ व.मी. पिच गरको र दोस्रो ठेक्काबाट १६० व.मी पिच गरेको देखिन्छ । तर दुवै ठेक्काको नापि कितावमा इकार्य उललेख नभै नम्बर उल्लेख गरको छ । नापि कितावमा विस्तृत उल्लेख नगरी एकमुष्ट दुरी मात्र उल्लेख गरको देखिन्छ । पहिलो ठेक्काबाट कहाँ देखि कहाँ सम्मको र दोस्रो ठेक्काबाट कहाँ देखि कहाँ सम्म पिच गरको छुट्याउन सकिदैन । एउटै कार्य स्थलमा बचत भएको बजेटबाट कार्य गराउँदा काममा दोहोरोपना भए नभएको एकिन भएन । पुन वचत भएको बजेटबाट तेस्रो पटक पनि सोही स्थानमा कोटेसनको माध्यामबाट ग्रेनेल गर्ने बाटो चौडा गर्ने ता ड्रेन खन्ने कार्य गर्न एम ए वाई कन्स्ट्रक्सनलाई मु.अ.कर ५६३९७।- समेत ४९८९१५।५९ भूक्तानी भएको छ ।	
	शहिदभूमि गाउँपालिका पिप्ले धनकुटामा सुन्तला स्तम्भ निर्माण गर्न छिन्ताङ देवी निर्माण सेवा खोकु धनकुटाको रु.१७४२२२८।५० दरभाउपत्र २०७५।२।१५ मा स्वीकृत गरी रु.२०७५।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७५।२।३० मा कार्यदेश दिएकोमा प्रथम पटक २०७५।३।१७ को निवेदन अनुसार २ महिनाको लागि म्यादन थप दिएको थियो । सो थप अवधिमा समेत कार्य सम्पन्न नगरी पुनः रु.२०७५।५।१५ को निवेदनबाट पुनः १ महिना थप गरेको पाईयो । दुवै पटकको निवेदनमा काम गर्न नसकेको विषेश परिस्थिति उल्लेख नभै वर्षात आदि कारणले मात्र कार्य हनु नसकेको उल्लेख छ । यस्तो अवस्थामा पुनः दोस्रो पटक म्याद थप गर्दा समेत सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२१ अनुसार सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका दरले दोस्रो पटक थप ३० दिनको पूर्वनिर्धारित क्षेतिपूर्ति वापत रु. २१६३३।४३ हर्जना लिइएको देखिएन । सुरु सम्झौता २५ दिनको मात्र भएकोमा २ पटक गरी ३६० प्रतिशत म्यादन थप गर्दा समेत हर्जना नलिनु नियम संगत नदेखिएकोले यस हर्जना नलिनुको कारण स्पष्ट हुनुपर्ने रु...	२१६३३.४३
	शहिदभूमि गाउँपालिकाको ५ नं. वडा कार्यालय भवन निर्माण गर्न छिन्ताडदेवी निर्माण सेवा प्रा.लि. धनकुटासँग मिति २०७५।३।२६ को सम्झौता अनुसार रु. ९६९७८८२।७५ लागतमा २०७६।५।२६ कार्य सम्पन्न गर्ने उल्लेख छ । २०७६।३।३० मा रु. २८८६३७२।८८ को अन्तिम विल पेश गरी माटो फाट्ने कार्यको थप आदेशको २५००८९।८५ । समेत ९९४९७३८।४० को कार्य सम्पन्न गरेको भएतापनि थप कार्यको कार्य सम्पन्न वनाएको छैन । अन्तिम विल भूक्तानी माग निवेदन २०७६।३।१० दर्ता भएतापनि कार्य सम्पन्न प्रतिवेनमा सम्पन्न मिति उल्लेख भएको छैन । सुरु	

[illegible] नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	सम्झातामा उल्लेख भएको सम्पन्न गर्ने अवधि भन्दा २ महिनता १६ दिन अघि नै कार्य सम्पन्न भएको अवस्था देखिएबाट सम्झौता अवधि निर्धारण गर्दा ध्यान नपुगेको अवस्था वा छिटो कार्य हुँदा गुणस्तर युक्त कार्य नभएको हुन सक्ने अवस्था विद्यमान देखिन्छ ।	
[illegible]	निर्माण व्यवसायीलाई दोस्रो रनिङ्ग विल भूक्तानी गर्दा प्रोभिजनल समबाट इन्सोरेन्स प्रिमियम वापत एक जव भनी रु.१५०८५९१२ पुरै रकम भूक्तानी गरेको देखिन्छ । फाइलसाथ लुम्बिनी जनरल इन्सोरेन्स कम्पनी प्रा.लि. को दुइवटा कर विजकबाट रु.२९६२७४७ मात्र प्रिमियम भूक्तानी गरेकोले मु.अ.कर समेत बढी भूक्तानी भएको रकम असुल हुनु पर्ने रु....	१३६९९१.७६
[illegible]	गो.भौ.नं. १२३ मिति २०७५।१२।१ निर्माण व्यवसायी छिन्ताङ्ग देवी नि.स. धनकुटालाई ७ नं.वडा कर्यालय भावन निर्माणको दोस्रो रनिङ्ग विल रु.२६६७११९।४० भूक्तानी गर्दा इन्सोरेन्स वन जव भनी रु.१५०८५९१२ समेत भूक्तानी भएकोमा संलग्न विमा प्रिमियम तिरेको दूई विजनबाट लुम्बिनी जनरल इन्सोरेन्सलार्य रु.२९६२७४६ को मात्र भूक्तानी गरेकोले बढी भूक्तानी भएको १२१२३१।६५ को १३ प्रतिशत भू.अ. कर समेत रु. १३६९९१।६७ फिर्ता असुल हुन पर्ने रु...	१३६९९१.७६
[illegible]	भौ.नं. ९८ मिति २०७५।२ छिन्ताङ्गदेवी निर्माण सेवालार्य ३ नं. वडा कार्यालय निर्माणको भवनको दोस्रो विल भूक्तानी गर्दा इन्सोरेन्स वापत इन्सोरेन्स वन जव भनी रु.१५०८५९१२ भूक्तानी भएकोमा रु.२९३२७४७ को मात्र प्रिमियम तिरेको वीजक भएकोले बढी भूक्तानी रु.१२१२३१।६५ को मु.अ.कर समेत बढी भूक्तानी असुल हुनुपर्ने रु......	१३६९९१.७६
[illegible]	गो.भौ.नं. १८ मिति २०७५।६।१७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) मा विल विजकको भूक्तानी गर्दा सुरक्षण जमानत रकम (रिटेन्सन मनी) वापत रनिङ्ग वा अन्य वि वा विजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले डि.एस. उर्जा प्रा.लि. विराटनगरसँग सोलार वत्ति खरिद गरी रु. १९३६५००।- भूक्तानी गरको छ । नियममा व्यवस्था भए वमोजिमको विल भूक्तानीमा सुरक्षण जमानत रकम कट्टी गरेको देखिएन ।	
[illegible]	शसर्त अनुदान, समानीकरण अनुदान, आन्तरिक स्रोत तथा अन्य आय मार्फत २०७५।७६ विनियोजना भएको बजेटबाट ज्यामिरे पाङनाम बुर्खा सिम्ले त्रिवेणी ग्रामिण सडक निर्माण गर्न ४० लाख बजेट व्यवस्था भएकोमा सो बजेटलाई टुक्रा गरी हिले उत्तर पानी छिन्ताङ्ग ग्रामिण सडक उपभोक्ता समितिलाई रु.२० लाख र ज्यामिरे पाङनाम बुर्खा त्रिवेणी सडक उपभोक्ता समितिलाई २० लाखा को कार्य गर्ने गरी टुक्रा गरेको छ । २०७५।९।११ को अध्यक्षको निर्णयबाट टुक्रा लागत गरी ज्यामिरे पाङनाम बुर्खा त्रिवेणी समितिसँग श्रमदान रु.२०७२०४।९३ समेत रु.२२०७२०४।९३ भै २०७५।१०।१९ मा कार्य सुरु गरी २०५।१२।३० मा सम्पन्न गर्न र हिले उत्तरपानी छिन्ताङ्ग ग्रामिण सडक उ.स.सँग श्रमदान रु.२९०१८०।७२ समते रु.२२९०१८०।७२ भै २०७५।११।९ मा कार्य सक्न २०७५।९।१८ मा सम्झौता गरको छ । शहिदभूमि गाउँपालिका वा नं. २ को २०७६।१।१५ को सिफारिस पत्रमा ज्यामिरे बुर्खा त्रिवेणी ग्रामिण सडक अन्तर्गत बुर्खा अखुवा त्रिवेणी खण्डको सडक स्तरोन्ती कार्य सम्पन्न भएको उल्लेख छ । सम्झौता अनुसार २०७५।१२।३० मा सक्न पर्नेमा ज्यामिरे पाङनाम उ.स. समितिले २०७६।१।८ मा कार्य सम्पन्न गरेको भूक्तानी मागमा उल्लेख गरेको कार्य सम्पन्न प्रतिवेदनमा समेत २०७६।१।२० मा सम्पन्न भएको उल्लेख गरेको छ । कार्यालय प्रमुखले २०७६।१।२५ निर्णयबाट २०७६।२।१५ सम्म म्याद थप गरेतापनि समितिले म्याद थप माग २०७६।१।२० मा गरेको छ । कार्य सक्ने अवधि भन्दा २० दिन पछि निवेदन दिइएको अवस्थामा गरेको म्याद थप नियम संगत छैन । त्यसै गरी हिले उत्तर पानी छिन्ताङ्ग ग्रामिण उ.स. समितिले पनि कार्य सम्पन्न गर्न भन्दा ५८ दिन पछि म्याद थप माग गरेको आधारमा २०७६।१।७ मा म्याद थप माग गरेको आधारमा २०७६।१।१९ मा २०७६।१।३० सम्म थप गरेको देखिन्छ । दुवै उपभोक्ता समितिले समयमा कर्य गर्न नसकेको विशेष परिस्थिति उल्लेख भएको छैन ।	
[illegible]	गो.भौं नं. ९६, २०७५।११।१ उपभोक्ता समितिसँगको सम्झौतामा रु.२२०७२०।९३ मध्ये रु.२०७२०४।९३ श्रमदान गर्ने भनेकोमा अन्तिम विल रु.२०६१२३४।४५ को कार्य सम्पादन गरी उपभोक्तालाई रु.१८६००००। भूक्तानी गरेको छ । श्रमदानको अलग्गै कार्य गरेको विल नभएकोले कुल कार्यमा २०१२३४।४५ को मात्र श्रमदान गरेकोले बढी भूक्तानी भएको असुल गर्नुपर्ने रु.....	५९७०.४८
[illegible]	शहिदभूमि गाउँपालिकाको लागि गाउँ विकास आवधिक योजना निर्माण प्रयोजनका लागि परामर्श दाता पाथ वे नेपाल प्रा.लि.सँग ३ महिना भित्र सेवा उपलब्ध गराउन २०७५।२।२० मा रु.१४९४९९०।- को (गत आ व मा) सम्झौता गरेको थियो । प्रारम्भिक प्रतिवेदन पेश गरको ४५ दिन भित्र स्थलगत अध्ययन तथा सरोकारवालासँगको छलफलबाट प्राप्त तथ्याङ्ग र सुझावको आधारमा स्थलगत प्रतिवेदन पेश गर्नुपर्ने व्यहोरा सम्झौतामा उल्लेख छ । निजको २०७५।५।५ को निवेदन अनुसार विविध कारणले म्याद भित्र कार्य हुन नसकेकोले २ महिना थप माग गरेको आधारमा कार्यालय प्रमुखबाट थप गरेको र पुन: २०७५।७।१९ को निवेदनबाट थप अवधिमा पनि कार्य नसकीएकोले	

	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	दोस्रो पटक थप माग गरेकोमा गाउँपालिका प्रमुखबाट २०७५।७।२० देखि २०७५।११।३० सम्म थप गरको पाइयो । यसरी पटक पटक म्याद थप गर्दा के कति कार्य सम्पन्न भै के कुन कति कार्य गर्न बाँकी रहेको प्राविधिक प्रतिवेदन लिइएको देखिएन । पटक पटक छलफल गर्नुपर्ने भएको आधारमा मात्र दोस्रो म्याद थप भएको देखिन्छ । कार्य सम्पन्न अवस्था हेरी प्रतिवेदन बुझाएको आधारमा भूक्तानी दिने सम्झौता सर्त भएतापनि गतवर्ष ५० प्रतिशतले ७४७४९५।- मिति २०७५।३।२१ मा भूक्तानी भएको र यसवर्ष २०७५।६।१६ मा रु. ३६८०९८।- र २०७५।११।२७ मा रु.३७९३९७।- भूक्तानी भएको देखिन्छ । परामर्शदाताको २०७५।११।१९ को भूक्तानी माग निवेदनमा समेत लिनु पर्ने भूक्तानी बाँकी पाउँ भनेको छ तर कार्य सम्पन्न कहिले भै अन्तिम प्रतिवेदन पेश भएको खुलाएको छैन ।	
	शहिदभूमि गाउँपालिका गाउँसभाबाट पारित आ.व. २०७५।७६ को बजेट तथा कार्यक्रममा समावेश भएको विभिन्न बजेट तथा कार्यक्रम २०७५।१२।११ को गाउँ कार्यपालिकाको बैठकबाट संसोधन गरी रकमान्तर थप गरी पिप्ले जि.स. देखि कन्या लमिवगर नेवार गाउँ ग्रामीण सडकमा ७ लाख तथा शहिद खेल मैदान स्तरोन्नती को ३ लाख, सुन्तोला पार्क उद्यान निर्माण पिप्लेको १० लाख, वडा कार्यालय घेरावारको ३ लाख र पिप्ले देखि कन्यादेवी लामेवगर घोकेटारको ४ लाख समेत २० लाख रकमान्तरगरी पिप्ले (जि.सु.) जीवन सुधाले कन्यादेवी लमिबगर नेवारे गाउँ ग्रमिण सडकमा कार्य गर्न २७ लाख बजेट कायम गरी पिप्ले डाँडा लामेवगर ग्रामिण सडक उ.स. सँग श्रमदान २५११५०।६६ समेत २०७६।३।२५ मा कार्य सम्पन्न गर्न २०७६।२।१४ मा २२५११५०।६६ को सम्झौता गरको पाईयो । सुरु कार्यक्रममा समावेश भएका कार्यहरु के कति कारणले गर्न नसकिएको हो खुलाएको देखिदैन । समितिले २०७६।३।२० को रकम माग निवेदनबाट रु.२७६७२५।४४ को सम्पन्न प्रतिवेदन तयार गरी समितिलाई रु.२५११०००।- भूक्तानी गरको देखिन्छ । उक्त सडकमा कार्य गर्न लागत तयार गर्दा ढुङ्गा सोइलिङ्ग ड्राइस्टोन मेसिनरी र तारजालीमा ढुङ्गा भर्ने कार्य मात्र देखिन्छ । संलग्न कार्यस्थलको फोटो हेर्दा पूर्ण रुपमा निर्माण भएको सडकमा उक्त ढुङ्गा जालीको कार्य गरेको देखिन्छ । केही स्थानमा रिटेनिङ्गवाल नभएको र भएको स्थान पनि सडक खनेको ढुङ्गा माटोले पुरेको देखिन्छ । अतः वास्तविक कार्य तोकिएकै स्थानमा भए नभएको एकिन एवं विश्वस्त हुन सकिएन ।	
	शिक्षा तर्फः	
	स्थानिय तहको लागि प्राप्त शैक्षिक कार्यक्रम बजेट तथा कार्यक्रमहरु कार्यान्वयनका लागि सहजिकरण गर्न विद्यालय क्षेत्र विकास कार्यक्रम (स्थानीय, प्रदेश, तह तथा शिक्षा विकास तथा समन्वय इकाई) बाट सम्पादन हुने कार्यक्रमहरु सम्वन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ तयार भएको छ । शैक्षिक कार्यक्रम बजेट सोही निर्देशिकामा तोकिएबमोजिम खर्च गर्नुपर्नेमा सो गरेको पाइएन यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:	
	माग फारमः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को अनुसूची १ अनुसारको फारम भरि शिक्षकहरुको तलब भत्ता माग गर्नुपर्नेमा सो अनुसारको माग फारमको प्रयोग गरेको छैन । विद्यालयले माग गर्ने सबै तहका शिक्षकको तलब भत्ता तोकिए बमोजिमको एकिकृत फारम प्रयोग नगरी छुट्टा छुट्टै फारमबाट माग गरेको छ । विद्यालयले माग गरेको फारम कार्यालयले चेक जाँच गरी प्रमाणित समेत नगरी भूक्तानी गरेको छ । नियमानुसारको फारम प्रयोग गरी तोकिएका व्यक्तिहरुले प्रमाणित नगर्दा आन्तरीक नियन्त्रण कमजोर हुने देखिन्छ । विद्यालयले पेश गरेको तलब भत्ता माग फारम सम्वन्धित कर्मचारीबाट प्रमाणि गराई सोही बमोजिमको भुक्तानी दिई अभिलेख राख्नु पर्दछ ।	
	पाठ्यपुस्तक अनुदानः कक्षा ११-१२ मा अध्ययनरत तोकिएका लक्षितवर्गका विद्यार्थीहरुका लागि पुस्तकालयमा आधारित हुने गरी पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाई अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तरगत विभिन्न ५ माध्यामिक विद्यालयहरुलाई रु. ५० हजारका दरले यस वर्ष रु. २५००००।०० प्रदान गरेको छ । यस अनुदान रकमबाट पाठ्यपुस्तक र स्वीकृत पाठ्यक्रममा भएको वा पाठ्यक्रम विकास केन्द्रको सम्वन्धित कक्षाका लागि भनेर स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सुची भन्दा वाहिका पुस्तक/पत्रपत्रिकाहरु खरिद गर्न नपाइने व्यवस्था छ । यस कार्यालयबाट अनुदान प्राप्त विद्यालयहरुमा कति जना निः शुल्क पाठ्यपुस्तक प्रयोग गर्ने विद्यार्थि रहेका छन् त्यसको तथ्यांक नरहेको र यसै कार्यक्रम अन्तरगत विगतमा समेत अनुदान प्रदान गरेकोमा अनुदान रकमले के कति र कुन पुस्तक खरिद गरेको तथा पुस्तको प्रयोगको अनुगमन नगरेकोले अनुदानको उपयोग एकिन हुन सकेन ।	
	पाठ्यपुस्तकको निकाशा : यस वर्ष कार्यालयले गाउँपालिका अन्तरगतका ३९ विद्यालयहरुलाई रु. १२६६१३६।०० पाठ्यपुस्तक अनुदान प्रदान गरेको छ । कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि पाठ्यपुस्तक अनुदान प्रदान गर्दा कक्षागत विद्यार्थीको यथार्थ तथ्यांकका आधारमा दोश्रो चौमासिकमा अनुदान उपलब्ध गराउने र यसरी अनुदान उपलब्ध गराँउदा ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकि नपुग रकम २०७६ वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा दिने व्यवस्था छ । विद्यालयले उपलब्ध अनुदान रकमबाट शैक्षिक सत्रको शुरुमानै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्ना संगै उपलब्ध गराउनुपर्ने उल्लेख छ । कार्यालयले विद्यालयलाई पाठ्यपुस्तक अनुदानको रकम तेश्रो चौमासिकमा उपलब्ध	